# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
### कीर्तिपुर, काठमाडौं

चलानी नं. .................

मितिः- २०८२।१२।०२

**स्नातक तहको BCA कार्यक्रमको आठौं सेमेस्टरको मौका (Makeup Exam) परीक्षाको परीक्षा फाराम भर्ने सम्बन्धी जरूरी सूचना**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेष्टर प्रणालीमा सञ्चालित स्नातक तहको BCA कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०२० मा भर्ना भई मिति २०८२ भाद्र-कार्तिक महिनामा सञ्चालन भएको आठौ सेमेष्टरको नियमित सत्रान्त परीक्षाको मिति २०८२।०८।१० गते प्रकाशित नतिजामा कुनै एक वा दुईवटा विषयमा मात्र अनुत्तीर्ण भएका परीक्षार्थीहरू मध्ये प्रथम देखि सातौं सेमेष्टरका सम्पूर्ण विषय यस अघि नै उत्तीर्ण भै अन्तिम सेमेष्टरको नियमित सत्रान्त परीक्षामा सेमेष्टर सञ्चालन विनियम २०७४ को परिच्छेद ४ को १० को (क) (१) अनुसार २ विषयसम्म अनुत्तीर्ण हुने विद्यार्थीका हकमा अन्तिम परीक्षाफल प्रकाशित भएको (नियमित चक परीक्षा अगावै) लगत्तै मौका परीक्षामा सहभागी हुने अवसर पाउने छन् । भन्ने प्रावधान रहेकोले उक्त अनुसारको **मौका परीक्षा** (Makeup Exam) का लागि उपरोक्तानुसारका विद्यार्थीहरूले तपशिल बमोजिम आ-आफ्नो क्याम्पस/कलेजहरूमा गई मौका परीक्षाको परीक्षा फाराम भर्न भराउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । परीक्षा फाराम यस सङ्कायको **Website:** www.tufohss.edu.np गई फाराम Download गरी प्रिन्ट गर्न सकिने छ ।

**तपसिल**

- **परीक्षा फाराम भर्ने समयावधि** : मिति २०८२ साल चैत्र ३ गतेदेखि चैत्र १७ गतेसम्म र उक्त समयावधि पछि दाब्बर दस्तुरमा २०८२ चैत्र २० गतेसम्म आफु अध्ययन गरेको क्याम्पस कलेजमा गई भर्न सकिनेछ ।
- **परीक्षा दस्तुर** : परीक्षार्थीहरुले पुरक परीक्षा वापत रु.२५००।- (अक्षरेपी दुई हजार पाँच सय रुपैया मात्र) सम्बन्धित क्याम्पस कलेजमा बुझाई फाराम भर्न सक्नेछन् । यसरी संकलित परीक्षा फारामहरुका साथ परीक्षा शुल्क वापतको रकम यस कार्यालयको नेपाल बैक लिमिटेडमा रहेको **च. हि. नं. ०४५००१०००९०४५००००१** को खातामा जम्मा गरी सो को **सक्कल भौचर** सहित सम्बन्धित क्याम्पस कलेजहरुले चैत्र २२ गतेभित्र अनिवार्य रुपमा पठाईसक्नु पर्नेछ ।
- विद्यार्थीहरुले परीक्षा फाराममा विवरण भर्दा शुद्धसँग भर्नु पर्नेछ । यसरी भरेको फारामका साथमा प्रथम देखि सातौ सेमेष्टर पास भएको ग्रेडसिटहरु र आठौं सेमेष्टरको प्रतिलिपि ग्रेडसिट समेत अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।
- विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क सम्बन्धित क्याम्पस कलेजहरुले नै परीक्षार्थी फाराममा भरि उपर्युक्त बमोजिम रित पुगे नपुगेको सम्बन्धित क्याम्पस/कलेजहरुबाटै रुजु गरी पठाउनु पर्नेछ । विवरण फरक परी परीक्षामा सम्मिलित हुन नपाएमा सम्बन्धित परीक्षार्थी तथा कलेज आफै जवाफदेही हुनेछ । परीक्षा दिएको पाइएमा पनि परीक्षाफल प्रकाशन गरिने छैन ।

उपरोक्त बमोजिम रितपूर्वक परीक्षा फाराम भर्ने परीक्षार्थीहरुको मौका परीक्षा २०८३ साल बैशाखको तेस्रो हप्ताबाट शुरु गर्ने गरी परीक्षा कार्य तालिका पछि प्रकाशित गरिने व्यहोरा पनि सूचित गरिन्छ । साथै परीक्षा केन्द्र काठमाडौंमा हुनेछ ।

..........................
सहायक डीन (परीक्षा)

कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८, ५-३१४६७९
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np